नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र


## खण्ड ७, संख्याः१०, चैत्र २६ गते, २०८० साल


सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भाग २

### सिद्धलेक गाउँपालिका नगर प्रहरी नियमावली, २०८०

गाउँकार्यपालिका बाट स्विकृत मितिः २०८०।१२।२१


सिद्धलेक गाउँपालिका

# सिद्धलेक गाउँपालिका नगर प्रहरी नियमावली, २०८०

सिद्धलेक गाउँपालिकाको नगर प्रहरी ऐन, २०८० को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी सिद्धलेक गाउँ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो नियमावलीको नाम "सिद्धलेक गाउँपालिका नगर प्रहरी नियमावली, २०८०" रहेको छ ।

(२) यो नियमावली सिद्धलेक गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

क. "नगर प्रहरी" भन्नाले सिद्धलेक गाउँपालिकाबाट यस नियमावली बमोजिम नियुक्त भएका नगर प्रहरीलाई सम्झनु पर्दछ ।

ख. "नगर प्रहरी सहायक निरीक्षक" भन्नाले सिद्धलेक गाउँपालिकाबाट यस नियमावली बमोजिम नियुक्ति भएका नगर प्रहरी प्रमुखलाई सम्झनु पर्दछ ।

ग. "नगर प्रहरी हवल्दार" भन्नाले सिद्धलेक गाउँपालिकाबाट यस नियमावली बमोजिम नियुक्ति भएका नगर प्रहरी हवल्दारलाई सम्झनु पर्दछ ।

घ. "प्रहरी जवान" भन्नाले अधिकृत बाहेकका नगर प्रहरी जवान सम्झनु पर्दछ ।

**३. खुल्ला प्रक्रियाद्वारा पदपूर्ति हुने पदको आवश्यक योग्यताः** (१) प्रहरी सहायक निरिक्षक, हवल्दारर प्रहरी जवान पदपूर्ति गर्दा दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको  वा नेपाल सरकारको सुरक्षा निकायबाट सेवा निवृत्त  भई ४१ वर्ष ननाघेका व्यक्तिहरुबाट प्रतिष्पर्धा गराई पदपूर्ति गरिनेछ । यसरी पदपूर्ति गर्न दरखास्त आवह्वान गर्दा पनि पदपूर्ति हुन नसकेमा खुला प्रतिष्पर्धा द्वारा पदपूर्ति गर्न बाधा पर्ने छैन ।

(२) ऐनको दफा ९ उपदफा १, २ र ३ बमोजिम खुला प्रतियोगिता द्वारा तपशिल बमोजिमका पदहरुमा नियुक्तिका लागि देहाय बमोजिमको योग्यता हुनु पर्नेछ ।

(क) नगर प्रहरी सहायक निरीक्षक पदको देहाय अनुसार हुनेछ ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको । तर नेपाल सरकारको सुरक्षा निकायमा अनुभव प्राप्त गरेको उमेद्धवारको हकमा ४१ वर्ष ननाघेको,

(२) मान्यता प्राप्त विश्वविद्यालयबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनुपर्नेछ।

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१ देखि ३३ ईन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको,

(५) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(६) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(७) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(८) विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(९) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(१०) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(११) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

(ख) नगर प्रहरी हवल्दारमा खुला प्रक्रियाद्धारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको । तर नेपाल सरकारको सुरक्षा निकायमा अनुभव प्राप्त गरेको उमेद्धवारको हकमा ४१ वर्ष ननाघेको,

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट ८ कक्षा वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१ देखि ३३ ईन्च, तौल

५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी.,

(५) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(६) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(७) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(८) विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(९) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(१०) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको ।

(११) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको।

(ग) नगर प्रहरी जवानमा खुला प्रक्रियाद्वारा पदपूर्ति गर्दा आवश्यक पर्ने योग्यता देहाय अनुसार हुनेछ।

(१) दरखास्त फाराम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष उमेर पूरा भई २५ वर्ष ननाघेको । तर नेपाल सरकारको सुरक्षा निकायमा अनुभव प्राप्त गरेको उमेद्धवारको हकमा ४१ वर्ष ननाघेको,

(२) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तीर्ण गरेको,

(३) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,

(४) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ ईन्च, छाती ३१ देखि ३३ ईन्च, तौल ५० के.जी.
र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी.,

(५) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(६) नेपाली नागरिकताको प्रमाण पत्र भएको,

(७) कुनै राजनीतिक दलको सदस्य नरहेको,

(८) विध्वंसात्मक कार्यमा संलग्न नरहेको,

(९) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

(१०) नेपाल सरकारको सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको।

(११) भविष्यमा सामान्यतया सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट वर्खास्त नभएको ।

**४. पुरुष र महिलाको अनुपात :** (१) ऐनको दफा ७ बमोजिम नगर प्रहरीमा रहने पुरुष र महिलाको
अनुपात देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी जवानका लागि रहेका ३ ओटा पद मध्ये २ ओटा पद पुरुषको लागि र १ ओटा पद महिलाको लागि हुनेछ ।

**५. सेवा सर्त सुविधाः** (१) ऐनको दफा ३ को उपदफा २ बमोजिम प्रहरी कर्मचारीको पारिश्रमिक देहाय बमोजिम हुनेछ।

(क) प्रहरी जवानको तलब सहायक स्तर प्रथम तहकोका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ।

(ख) प्रहरी हवल्दारको तलब सहायक स्तर तृतीय तहका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ ।

(ग) प्रहरी सहायक निरीक्षकको तलब सहायक स्तर चौथो पदका लागि प्रदान गर्ने पारिश्रमिक सरह हुनेछ ।

(घ) प्रहरी कर्मचारीको अन्य सेवा सर्त सुविधा ऐन, नियमावली वा करार सम्झौतामा उल्लेख भए बमोजिम र कार्यपालिकाबाट निर्धारण भए बमोजिम हुनेछ ।

**६. नगर प्रहरीको पोशाक सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीको पोशाक हल्का हरियो (Light Green) रङ्गको हुनेछ। वार्षिक रुपमा उपलब्ध गराईने पोशाक सिजन अनुसार अनुसूची १ मा व्यवस्था भए बमोजिम हुनेछ ।

**७. नगर प्रहरीको रासन सम्बन्धी व्यवस्थाः** प्रहरी कर्मचारीलाई कार्यालय समय तोकी सिफ्ट

प्रणालीमा सेवा लगाउदा राशन सुबिधा उपलब्ध गराइने छैन । यदि कार्यलयलाई आवश्यकता भई कार्यालयमै आवासीय रुपमा सेवा लिन आवश्यक भएमा कार्यपालिकाले निर्णय गरी रासन सहित बन्दोबस्त हुनेगरी सेवामा लगाउन सक्नेछ।

**८. नगर प्रहरीको छनौट सम्बन्धी व्यवस्थाः** (१) नगर प्रहरी सम्बन्धी प्रक्रिया देहायको अंकभार रहने गरी पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

| | |
|---|---|
| क) लिखित परिक्षा :- | ५० अंक |
| ख) शारीरिक परिक्षण :- | ५० अंक |
| ग) अन्तर्वाता :- | ४० अंक |
| (घ) स्थानीय वासिन्दा (सिद्धलेक गा.पा.):- | १० अंक |

(२) प्रहरी कर्मचारीमा दरखास्त दिने उम्मेदवारले सिद्धलेक गाउँपालिकाको करारमा प्राविधिक जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची ३ वा लोकसेवा आयोगको फर्म बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुपर्नेछ । दरखास्त दस्तुर देहाय बमोजिम हुनेछ ।

क) प्रहरी जवानका लागि रु.२००/-
ख) प्रहरी हवल्दारका लागि रु.३००/-
ग) सहायक निरिक्षकका लागी रु.४००/-

## अनुसूची १

## (नियम ६ संग सम्बन्धित)

१) वार्षिक रुपमा पाउने पोशाक सुबिधा ( प्रति प्रहरी कर्मचारी )

- टोपी (छाते) - २ थान
- रेनकोट - १ सेट
- भेष्ट - २ सेट
- टि सर्ट - २ सेट
- जुत्ता (कालो रङ्ग बुट) -२ जोर
- पाईन्ट -२ जोर
- कमिज -२ जोर
- मोजा -४ जोर
- ज्याकेट (जाडो यामको लागि) - १ थान
- छाता - १ थान
- पञ्जा - २ जोर
- वेल्ट - १ थान
- आवश्यकता अनुसार अन्य बन्दोबस्तीका सामाग्रीहरु